**स्वर्गद्वारी नगरपालिका**
८ औं नगरसभा

# आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

**स्वर्गद्वारी नगरपालिका**
भिंगृ, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**यस गरिमामय ९ औं नगरसभाका उप-प्रमुख ज्यू**
**नगर सभाका सदस्य ज्यूहरु**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू**
**नगर कार्यपालिकाका सम्पूर्ण शाखा प्रमुख एवं. राष्ट्र सेवक कर्मचारी ज्यूहरु**
**सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि ज्यू**
**पत्रकार साथीहरु,**

यस गरिमामय नगरसभाको नवौं अधिवेशनमा स्थानिय सरकारको प्रमुखको हैसियतले आ.व. २०७८।७९ को नीति तथा कार्यक्रम तयार गरिरहँदा कोभिड-१९ (कोरना भाइरस)ले विश्वलाई दोश्रो पटक पनि चुनौति दिइरहेको छ। र कोरोना भाइरसको तेस्रो भेरियन्ट समेत आउन सक्ने विज्ञहरुले अनुमान गरिरहेको अवस्थामा कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितिले मानव समुदायका आवश्यकता र प्राथमिकताहरुलाई नै बदलिदिएको छ । यसले अर्थतन्त्र र समग्र शासन प्रकृयामा पनि गम्भिर असर परेको छ । यस्तो परिस्थितिमा हरेक स्थानीय तहका सरकारले प्रवाह गर्ने सार्वजनिक बस्तु तथा सेवाको पुःन प्रथामिकिकरण गर्नुपर्ने भएको छ। यस विषम परिस्थितिमा स्थानीय सरकारले पनि छुटकारा पाउन सक्ने अवस्था नदेखिएकोले यसको असरलाई न्यूनिकरण गर्दै जनजिवनलाई कसरी नियमित गराउने भन्ने कुरा अहिले हाम्रो सामु चुनैतिको विषय बन्न पुगेको छ । महामारिका कारण उत्पन्न असहज परिस्थितिका वीच आ.व. २०७८।७९ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष सम्बोधन गरिरहँदा जनताको जीवन रक्षा र मुलुकको आर्थिक सामाजिक अवस्थाको प्रश्नले म अत्यन्त गम्भिर भएको छु।

कोभिड-१९ को विरुद्ध जुट्न पालिकाले शुरुवाती चरण देखि नै महत्वपूर्ण भूमिका निर्वाह गरेको तथ्य सबैले अनुभूत गरेकै विषय हो । यसबाट नेपालमा स्थानीय सरकारको औचित्य समेत स्पस्ट रुपमा स्थापित हुन पुगेको छ ।

महामारीबाट हुने आर्थिक क्षतिको पूर्ति त आगामी दिनमा हुन सक्छ । प्रविधिको अन्वेषण गर्दै जान सकिन्छ । समाज फेरी सम्मृद्ध बन्न सक्छ, तर गुमेको अमूल्य जीवनको पुःन प्राप्ती र क्षतिपूर्ति हुन सक्दैन । संगसंगै मानवीय पूंजी, दक्षता, विज्ञता र विचारको क्षति पनि अपुरणिय हुन्छ । त्यसैले मानव जीवनको रक्षा गर्नु यतिखेर हाम्रो सर्वोच्च कर्तब्य हुन आएकोछ ।

विश्वव्यापी समस्याबाट सिर्जित प्रतिकुल परिस्थितिको सामना गर्नको लागि स्थानीय नगरपालिकाले आफ्ना प्रयासहरुलाई अझ बढी ब्यवास्थित गर्नुपर्ने आवश्यकता छ । असहज परिस्थितिको निरन्तरता रहिरहेको विद्यमान अवस्थामा हाम्रो नगरपालिकाले पनि विगत वर्ष जस्तो प्रकृया र नियमित प्राथमिकता भन्दा माथि उठेर नयां आवश्यकताको आधारमा आफ्नो नीति, कार्यक्रम र बजेट तर्जुमा गर्नुपर्ने आवश्यकता देखिएको छ ।

यस गौरवपूर्ण क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र सम्मको राजनीतीक आन्दोलनमा राष्ट्र र जनताको हितका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरुप्रति उच्चसम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते योद्धाहरु र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । नेपाली समाज रुपान्तरणमा अग्रज राजनैतीक यौद्धाहरुले गर्नु भएको कार्यको उच्च मुल्यांकन र सम्झना गर्दछु । यसै बीच हामीले नगरपालिकाका नागरिकहरुलाई कोभिड १९ को पहिलो र दोश्रो लहरको कारण संकटकै अवस्थामा गुमाउनु परेको छ । उहांहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै सम्पूर्ण संक्रमितहरुको सिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

कोरना भाइरस विरुद्धको लडाईमा यसको रोकथाम र नियन्त्रणमा अग्रमोर्चामा खटिनुहुने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, कर्मचारी, सुरक्षाकर्मी, पत्रकार, दान दाताहरु सबैमा हार्दिक धन्यबाद दिन चाहन्छु । विभिन्न संघ संस्थाहरुले दिनु भएको अमूल्य सहयोग र समयको नगरपालिका उच्च मुल्याङ्कन गर्दछ । महामारी रोकथाम र नियन्त्रणको लागि अपनाईएको बन्दाबन्दी, भौतिक दूरी लगायतको कार्यको कार्यान्वयनमा अनुशासित भई सहयोग गर्नुहुने स्वर्गद्वारी नगरबासीहरुमा हार्दिक आभार ब्यक्त गर्न चाहन्छु ।

भौगोलिक विविधता फरक भएको यो देशमा स्वर्गद्वारी नगरपालिकाले आफ्नो छुट्टै इतिहास कायम गरेको छ । हाम्रा नगरबासी जनताहरुले स्वर्गद्वारी नगरपालिकालाई सफल स्थानीय तह बनाउन हाम्रा जनप्रतिनिधिहरु संग मिलेर कार्य गर्दै आउनु भएको छ । यहाँहरु हाम्रा शुभचिन्तकहरु हुनुहुन्छ । हामीहरुलाई मित्रवत व्यहारबाट प्रत्येक्ष सुझाव दिएर होस् वा सामाजिक सञ्जालको माध्यमबाट आफ्ना अभिव्यक्तिहरु प्रकट गरेर होस् यि दुवै सुझावलाई हामीले गहनरुपमा लिई आफ्ना कार्यहरु अझ मजवुत बनाउदै यहाँहरु सामु आफ्ना कार्यहरु पस्कदै आएका छौं ।

हामी हाम्रो स्वर्गद्वारी नगरपालिकाको जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतालाई आत्मसात गरी सामाजिक एंव सांस्कृतिक समानता र सहिष्णुतामा आधारित सद्भावको बाटोबाट एकता मजबुत बनाउदै स्वर्गद्वारीको विकास गर्ने नीतिबाट परिचालित छौं ।

नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहको अधिकार र अनुसूची ९ बमोजिमको साझा अधिकारलाई आत्मसाथ गर्दै नगरपालिकाको कामलाई सुचारु गरिएको छ । हामी जनप्रतिनिधिहरु सकारात्मक सोच र तत्परताका साथ प्राप्त स्रोत र साधनलाई अधिकतम उपयोग गर्न दृढ संकल्पित छौं । विगत र चालु आ.व.मा हामीले तय गरेका नीति तथा कार्यक्रम र सो अनुसारको विनियोजित बजेटबाट सम्पन्न भएका योजना तथा कार्यक्रमहरुले स्वर्गद्वारी नगरपालिकाको विकास निमार्णको झलक प्रस्तुत भएको छ ।

हालका दिनसम्ममा जनताको सबैभन्दा नजिक रहेर कार्य सम्पादन गर्ने निकाय तथा सरकारको रुपमा स्थानीय तहहरु रहेको हुंदा यस्तो संस्था प्रति जनताका धेरै अपेक्षा हुनुलाई स्वभाविक रुपमा लिने गरिन्छ र स्थानीय तह गठन र स्थापना गरिनुको मूल मर्म पनि यहि नै हो । उपलब्ध श्रोत साधनको सीमा, त्यसको वितरण र पुनः वितरण, समावेशी विकास र जनताको अधिकतम हितलाई सम्वोधन गर्दै स्थानीय तहमा लोकतान्त्रिक अभ्यासको सुदृढीकरण गर्नु, सामाजिक शसक्तिकरण र समावेशीकरण मार्फत वञ्चितिकरणमा रहेका वर्गको मूलप्रवाहीकरण गर्नु, स्थानीय स्तरमा रोजगारीका अवसरहरुमा वृद्धि गरी युवा जनशक्तिलाई स्वरोजगार तर्फ उन्मुख गराउनु, निर्वाहमुखी

कृषि प्रणालीलाई व्यवसायीकरण तथा आधुनिकिकरण गर्नु, उपलब्ध स्रोत साधनलाई उत्पादनशिल क्षेत्रमा प्रवाहित गर्नु, स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्नु, हाल विश्वभर फैलिएको कोरोना संक्रमण महामारी जस्ता विषयहरु हाम्रा आजका चुनौतीहरु रहेका छन् भने व्यापक जनसहभागिता, स्थानीय तह प्रति नगरवासीहरुको ऐक्यवद्धता, उत्साह, चिन्ता र चासो, स्थानीय स्तरमा राजनीतिक सहभागीता, सहकार्य राजनैतिक दलहरुको सुझबुझपूर्ण समझदारी तथा विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्थाहरुको सहयोग, समन्वय र सहकार्य हाम्रा लागि अवसरहरु रहेका छन् । तसर्थ, अवसरहरुको उपयोग मार्फत चुनौतीहरुको सामना गर्ने दिशामा
हाम्रो ध्यान जान जरुरी छ र यसका लागि नगरपालिकाले आगामी दिनहरुमा समेत यस्ता अवसरहरुको निरन्तरताको अपेक्षा गरेको छ ।
मुलुक अहिले संघीय संरचना अन्तर्गत केन्द्र, प्रदेश र स्थानीय तहको संरचनामा उभिएको अवस्था नेपाली जनताद्धारा लेखिएको नेपालको संविधानले स्पष्ट गरेको र संविधानले नै स्थानीय सरकारको परिकल्पना गरि सोको अधिकारको सूची पनि तय गरिसकेको छ । संघीय संरचना र स्थानीय तहको कार्यान्वयन संगै हाम्रा क्रियाकलाप पनि सोहि बमोजिम संचालन गरिनुपर्ने व्यहोरा सर्बविधितै छ । यस नगरपालिकाको ९औं नगरसभा समक्ष आगामी आ.ब. २०७८/०७९ का लागि तर्जुमा गरिएको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म लगायत सिंगो स्वर्गद्वारी नगरपालिका परिवारलाई गौरव महसुस भईरहेको छ ।
विगत लामो समय देखि निर्वाचित जनप्रतिनिधि विहीनताको परिस्थितिमा पनि सर्वदलिय, सर्वपक्षिय प्रतिनिधिसँगको समन्वयमा सिमित स्रोत साधनको अधिकतम परिचालन गरि बढ्दो शहरीकरणको व्यवस्थापन तथा जनतालाई आधारभूत शहरी सेवा-सुविधा उपलब्ध गराउने काममा कुनै किसिमको कमिकमजोरी हुन नदिन सिङ्गो नगरपालिका परिवार जिम्मेवार भई निरन्तर प्रयासरत रहेकोले कर्मचारीहरु र नगरवासीहरुमा धन्यवाद टक्र्याउन चाहन्छु । यसका लागि स्थानीय बुद्धिजिवी, पेशागत संघ-संगठन, नागरिक समाज, राजनैतिक दल लगायत अन्य संघसंस्थाहरुले नगरपालिका र नगरबासीहरु बीचमा रहेर सम्बन्ध सुत्रको रुपमा काम गरिरहेको कुरा हामी सवैलाई थाहा नै छ । निर्वाचित जनप्रतिनिधीहरु आएको छोटो समयमा पनि जनमुखी एंव जिम्मेवार राजनैतिक दलहरुको सहमती, समन्वय र सहयोगमा नगरपालिका आफ्नो घोषित लक्ष्य प्राप्तिमा अविचलित रुपमा कार्यरत रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । विशेषतः नीतिगत निर्णय र विकास निर्माणको सर्न्दभमा सृजित कठिन चुनौतिहरु सहजरुपमा व्यवस्थापन गर्न यस क्षेत्रबाट प्राप्त भएको सहयोग, सहकार्य एंव समन्वय मुलुक भरका लागि उदाहरणीय भएको व्यहोरा पुनः यस सम्मानीत सभा समक्ष सगर्व स्मरण गराउन चाहन्छु । नगरक्षेत्रको रुपमा रहेको यस स्वर्गद्वारी नगरपालिकामा ब्यापार,उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु तथा धार्मिक क्षेत्र स्वर्गद्वारी आश्रम रहेका छन् । आर्थिक, सामाजिक तथा पर्यटकीय विकासका प्रचुर सम्भावनाहरु बोकेको यो नगर तथा आसपासका क्षेत्रहरुमा बढ्दै गइरहेको बसोबासले सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी सुविधाहरुको मागमा बढोत्तरी हुँदै गएको छ भने अर्को तिर अत्यावश्यक र आधारभूत शहरी सेवाहरु (सरसफाई व्यवस्थापन, दमकल सेवा, सडक बत्ती) को सुविधा उपलब्ध गराउन नसकिएको सन्दर्भमा आगामी आर्थिक बर्षमा फोहर व्यवस्थापन, सडक बत्ती जस्ता सेवालाई प्राथमिकताका साथ कार्यान्वयन गरिने व्यहोरा सम्मानीत सभा समक्ष अवगत गराउन चाहन्छु र यसका लागी सरोकारवाला निकायहरुको साथ र सहयोगको अपेक्षा पनि गरेको छु ।
नगरपालिकाको तिब्र विकासको लागि नीतिगत सुधार, सम्पूर्ण व्यवस्थापकीय क्षमता विकास, विकास साझेदारहरुको पहिचान र सहकार्यका माध्यमबाट दीर्घकालीन सोचका साथ हाम्रा योजना तथा कार्यक्रमहरु परिलक्षित हुनुपर्ने बेला आइसकेको तथ्य पनि यस अवसरमा अनुरोध गर्न चाहन्छु ।

**आदरणिय नगरसभा सदस्यज्युहरु,**
चालु आ.ब. २०७७/०७८ को हाल सम्मको प्रगति विवरण संक्षिप्तमा यस गरिमामय नगर सभामा प्रस्तुत गर्न चाहान्छु ।

- चालु आ.ब. २०७७/०७८ मा आन्तरिक आय १ करोड १७ लाख अनुमान गरिएकोमा हाल सम्म ९३ लाख ७३ हजार १ सय २५ रुपैयाँ १० पैसा संकलन भएको छ । यो कुल अनुमानको ८०.११२ प्रतिशत हुन आउँछ ।
- चालु आ.ब. सामाजिक सुरक्षा तर्फमा दोस्रो चौमासिक सम्म रु. ४ करोड ९० लाख ५८ हजार ३ सय ३९ रुपैयाँ रकम भुक्तानी भएको र यसबाट ६ हजार २ सय ८० जना लाभान्वीत भएका छन । साथै तेस्रो चौमासिकको रकम २ करोड ६३ लाख ८१ हजार ८३ रुपैयाँ बैकलाई भुक्तानी दिईएको छ ।
- चालु आ.ब. २०७७/०७८ को २६२ योजना मध्ये हालसम्म २६२ योजनाहरु सम्झौता भएको छ भने सो मध्ये २६० वटा योजनाहरुको भुत्तानी समेत भइसकेको छ ।

**शिक्षा, युवा तथा खेलकुद तर्फ**

- स्वर्गद्वारी नगरपालिका वडा नं.२ स्वर्गद्वारी आश्रम स्थित वालतपस्वि वेद विद्यालय गुरुकुलमलाई कक्षा एघार सञ्चालनार्थ अनुपति प्रदान गरिएको छ ।
- नगरपालिका भित्रका माध्यमिक विद्यालय तथा आधारभूत विद्यालयहरुमा इन्टरनेट जडान गरि बैकल्पिक शिक्षण सिकाई सहजीकरणको लागि रकम उपलब्ध गराइएको ।
- प्रत्येक विद्यालयमा किशोरीहरुको सुरक्षीत महिनावारीका लागि सेनेटरी प्याडको व्यवस्था गरिएको ।
- स्वास्थ्य सुरक्षा सामाग्री व्यवस्थापनका लागि प्रति बिद्यार्थी २०० का दरले १२ कक्षा सम्मका विद्यार्थीहरुको लागि विद्यालयमा एकमुष्ट अनुदान उपलब्ध गराइएको
- विद्यार्थीहरुलाई विद्यालयमा नियमितता गराउन अर्थात कक्षा छाड्ने दर कम गने उदेश्य पुरा गर्न विद्यालयमा प्रत्येक विद्यार्थीहरुलाई दैनिक रु. १५ का दरले रकम उपलब्ध गराइएको ।
- संघिय सरकारबाट प्राप्त शैक्षिक गुणस्तर सुदृढिकरणका लागि सुर्योदय मा.वि. वेलवास विद्यालयलाई विज्ञान प्रयोगशाला, विद्यानन्द मा.वि. जुडापाटा लाई आइ.सि.टि. र उमा महेश्वरी सारीलाई पुस्तकालय व्यवस्थापन गर्न प्रति विद्यालय रु. ६,५०,०००/- का दरले अनुदान उपलब्ध गराइएको ।
- आधारभूत तहका (१-८) विद्यालयहरुका लागि प्रभावकारी शिक्षण सिकाइका लागि गणित, अंग्रेजि र विज्ञान विषयका लागि शिक्षण सिकाई सामाग्री व्यवस्थापनका लागि पालिका भित्र संचालित ७ वटै आधारभूत विद्यालयलाई रु ५० हजारका दरले अनुदान उपलब्ध गराइएको ।

- प्रदेश सरकारबाट प्राप्त शैक्षिक गुणस्तर सुदृढिकरणका लागि श्री गंगेश्वरी आधारभूत विद्यालयलाई आइ. सि.टि. को लागि रु १० लाख अनुदान उपलब्ध गराइएको ।
- नगरपालिका भित्रका मा.वि. ७, आधारभूत ४ र प्रा.वि. १० गरि जम्मा २१ जना नगरपालिकाको अनुदान शिक्षक कोटालाई निरन्तरता दिइएको ।
- यस नगरपालिका भित्रका दरबन्दी नभएका मा.वि. विद्यालयहरुमा संघिय सरकारवाट प्राप्त एकमुष्ट अनुदानमा गत बर्ष २ वटा शिक्षकको लागि रकम उपलब्ध गराइएकोमा यस वर्ष ४ जना थप गरि ६ जना लाई प्राथमिकरण निर्धारण गरि एकमुष्ट रकम उपलब्ध गराइएको ।
- कक्षा ३,४ र ५ का विद्यार्थीहरुका लागि कोभिड-१९ को समयमा स्वअध्ययन सामाग्री छपाइ गरि वितरण गरेको ।
- श्री अमर मा.वि. मा चार कोठे भवनको लागि रु ३६ लाख रकम उपलब्ध गराइएको ।
- उमा महेश्वरी मा.वि. सारी र जनता मा.वि. बर्जिवाङको लागि प्रदेश सरकारको समन्वयमा क्रमशः४५ लाख र ३५ लाख रकम उपलब्ध गराइएको ।
- पालिका भित्र रहेका विभिन्न चार वटा विद्यालयमा दुई कोठे भवनको लागि अठार लाखका दरले रु. ७२ लाख रकम उपलब्ध गराईको ।
- नगरपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा घेरावार,कक्षाकोठा, शौचालय आदि निर्माण तथा मर्मत गरिएको ।

**महिला तथा वालवालिका तर्फ**

- नगर स्तरीय महिला संजाल गठन गरिएको ।
- नगर स्तरिय जेष्ठ नागरिक संजाल गठन तथा अभिमुखिकरण गरिएको।
- नगर स्तरीय अपाङ्ग संजाल गठन गरीएको ।
- नगर स्तरीय लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरिएको ।
- नगर स्तरीय जेष्ठ नागरिक मिलन केन्द्र भवनको निर्माण गरिएको
- नगरस्तरिय लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधी२०७७ पारित गरिएको
- नगरस्तरीय महिला सम्बन्धी कार्यविधी २०७७ पारित गरिएको ।

**लघु उद्यम विकास तर्फ**

- मेड्पा निर्देशिका बमोजिम उद्यम विकास समिति गठन गरिएको ।
- सम्भावित उद्यम व्यवसायको पहिचान गरिएको ।

**पशु विकाश तर्फ**

- निःशुल्क कृतिम गर्भाधान सेवा कार्यक्रम अन्तर्गत चालु आ.ब. मा १२ वटा गाई, २५७ वटा भैसी र ३६ वटा बाखामा कृतिम गर्भाधान गरिएको ।
- स्व.न.पा.को वडा नं. ९ मा निःशुल्क पशु स्वास्थ्य शिविर संचालन गरिएको ।
- स्व.न.पा.को वडा नं. २ मा बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरिएको ।
- लागत साझेदारीमा बाखा प्रबर्धन कार्यक्रम सम्पन्न गरिएको ।
- नगरपालिकाको ८० प्रतिशत अनुदानमा हिँउदे घाँस, बर्षे घाँस, डाले घाँस र मिनिरल ब्लक उपलब्ध गराइएको ।
- सहकार्यमा डेरी उद्योग स्थापना कार्यक्रम अन्तर्गत स्व.न.पा.४ भिंगुमा अवस्थित सरिता डेरि उद्योगलाई थप बिस्तारको लागि डेरि जन्य सामाग्री खरिदमा सहयोग गरिएको ।
- स्व.न.पा क्षेत्र भित्र रहेका १२ वटा किसानको लागि बाखा खोर सुधारको लागि ६ लाख अनुदान रकम वितरण गरिएको ।
- पशुसेवा केन्द्रबाट पशु उपचार सेवा प्रवाह गर्नको लागि औषधि लगाएत खोप लगाउने सामाग्री खरिद गरिएको ।
- पशु पंक्षि विमा सम्बन्धी बस्तीस्तर गोष्ठी सम्पन्न गरिएको ।
- स्वर्गद्वारी न.पा ४ मा अवस्थित माण्डवी कृषि तथा पशुपंछि फर्मलाई माछाको भुरा ढुवानीमा रु.१० हजार सहयोग गरिएको ।

**स्वास्थ्य तर्फ**

कोभिड १९ को पहिलो लहरको चरमोत्कर्षका बिचबाट शुरु भएको आ.ब.२०७७/७८ को पहिलो चौमासिक कोभिड १९ रोकथाम,नियन्त्रण र उपचारमा केन्द्रित रहेको अबस्थामाबाट दोस्रो चौमासिकमा केही मत्थर भएतापनि कोभिड १९को पहिलो लहरबाट ८३ जना पोजिटिभ भई २ जनाको मृत्यु भएको थियो भने दोस्रो लहरबाट २०७८ असार २८ गते सम्ममा जम्मा ४८७ को एन्टिजिन परिक्षणबाट २८३ जना पोजिटिभ देखिएका र १२ जनाको मृत्यु भइसकेको छ ।

तेस्रो चौमासिककै पहिलो महिनाबाटै दोस्रो लहरको चपेटाका बावजुद यस नगरपालिकाले स्वास्थ्य तर्फका अधिकांश कार्यक्रमहरु सम्पन्न गर्न सफल भएको छ । सबै गतिबिधिहरु यहाँ पस्तुत गर्न सम्भब नभएकोले केहि महत्वपूर्ण उपलब्धिहरु संक्षिप्त रुपमा तपशिल बमोजिम रहेका छन ।

- आमासुरक्षा कार्यक्रम तर्फ गर्भवति तथा सुत्केरी आमाहरुलाई केन्द्रित गरि बिगत दुईबर्षदेखि संचालित उपमेयर कोशेली सेवा कार्यक्रमले यस बर्ष महत्वपूर्ण सफलता हासिल गरेको छ । ६०० जना गर्भवति महिलाहरुले पहिलो पटक गर्भजाँच गराई उपमेयर कोशेलीको पहिलो कोशेली प्राप्त गरेका छन भने ति मध्ये ३५२ जनाले चौथो पटक गर्भ जाँच गराउनुको साथै ३४५

जनाले स्वास्थ्य संस्थामै सुत्केरी भई यस कार्यक्रमको रु.१००० नगद यातयात खर्च र शःशर्त कार्यक्रमको रु.२८०० नगद,सामाग्री सहितको उपमेयर झोला तथा शःशर्तको न्यानो झोला प्राप्त गरेका छन ।

- संस्थामा सुत्केरी भएका सबै आमाहरुलाई उहाँहरुकै घरदैलोमै हाम्रा नर्सिङ स्वास्थ्यकर्मीहरु पुगि तेस्रो र सातौं दिनमा नवशिशु र आमाको स्वास्थ्य परिक्षण गरिएको छ ।
- ८४ बर्ष माथिका जेष्ठ नागरिकहरुको घरदैलोमै चौमासिक रुपमा १ पटक पुगि ६९ जनालाई स्वास्थ्य परिक्षण तथा औषधि बितरण गरिएको छ ।
- बाल स्वास्थ्य कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका १५ महिना सम्मका सबै बालबालिकाहरुलाई ७ पटकमा बिभिन्न १२ किसिमका खोपहरु नगरपालिकाको ४१ वटा खोप केन्द्रहरु मार्फत मासिक रुपमा नियमित खोपसेवा प्रदान गरिरहेको छ ।
- पोषण कार्यक्रम अन्तर्गत २ बर्षसम्मका बालबालिकाहरुलाई मासिक रुपमा स्वास्थ्य संस्था र २७ वटा गाँउघर किलिनिक मार्फत बच्चाको तौल लिई बालबृद्धि अनुगमन गरि पोषण स्थितीको लेखाजोखा भइरहेको छ । ६ महिना देखि ५९ महिना सम्मका बालबालिकाहरुलाई ६/६ महिना(कार्तिक र बैशाखमा)भिटामिन ए र १ बर्षदेखि ५ बर्ष सम्मका बालबालिकाहरुलाई जुकाको औषधि खुवाइएको छ ।यस कार्यक्रमलाई सुआहाराले प्राबिधिक सहयोग गरिरहेको छ ।हाल बहुक्षेत्रिय पोषण कार्यक्रमले सुनौलो हजारदिन भित्रका आमा र बच्चाहरुलाई समेटि कार्यक्रम संचालन हुदैछ ।
- पाँच बर्ष मुनिका बालबालिका केन्द्रित बालरोगको एकिकृत ब्यबस्थापन कार्यक्रम(ऋच्ञक्ष्ल्ऋक्ष)को समिक्षा र नौ वटै स्वास्थ्य संस्थाहरुमा अनसाइट कोचिङ संचालन भएको छ ।
- परिवार नियोजन कार्यक्रम अन्तर्गत १२ वटा स्वास्थ्य संस्था,२७ वटा गाँउघर किलिनिक तथा ६३ जना महिला स्वास्थ्य स्वयंसेबिका मार्फत अस्थाइ साधनहरुको बितरण र परामर्श सेवा दिइरहेको छ ।
- रोग नियन्त्रण कार्यक्रम अन्तरगत क्षयरोगिहरुको निःशुल्क स्वास्थ्य परिक्षण ,खकार परिक्षण तथा उपचार भइरहेको छ। बिएनएमटि नेपाल र किडस नेपाल द्वारा यस कार्यक्रमलाई प्राबिधिक सहयोग प्राप्त भएको छ ।औलो ज्वरो लगायत बिभिन्न किटजन्य रोगहरुको बारेमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनुको साथै निदान र उपचारको ब्यबस्था गरिएको छ ।
- शःशर्त र समानिकरणको बजेट बाट औषधि खरिद गरि स्वास्थ्य चौकि तह सम्मको संस्थामा ३५ थरि र प्राथमिक स्वास्थ्य केन्द्रमा ५८ थरि औषधिहरु निःशुल्क बितरण भइरहेको छ ।
- दैनिक ओपिडि सेवा मार्फत यस आ.व.मा २८४३४ जना नयाँ बिरामीहरुको स्वास्थ्य परिक्षणगरि सेवा प्रदान गरिएको छ ।
- ७ वटा बर्थिङसेन्टर मार्फत २४ घण्टा प्रसुतिसेवा मार्फत ३४५ जनालाई संस्थागत प्रसुतिसेवा प्रदान गरिएको छ ।
- स्वास्थ्य बिमाकार्यक्रमलाई नियमित र ब्यबस्थित रुपमा संचालन गरिएको छ । गत बर्षको तुलनामा बिमा नबिकरण गर्नेको संख्या(१३६० बाट करिब १५००)पुगेको छ ।
- स्वर्गद्धारी कोभिड १९ अस्थायी अस्पतालमा प्राथमिक स्वास्थ्य केन्द्का जनशत्तिबाट परिचालित गरिएको थियो भने जिल्ला कोभिड आइसोलेसन केन्द्रकालागि अन्य स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु परिचालन गरिएको छ ।
- एक वडा एक स्वास्थ्य संस्थाको अवधारण बमोजिम वडा नं.३ र ६ मा आधारभूत स्वास्थ्य केन्द्र स्थापना,संचालन र भवन निर्माण कार्यसमेत सम्पन्न भइ आगामि २०७८/७९ को पहिलो चौमासिकमै बर्थिङसेन्टर स्थापना गरि संचालन गर्ने तयारीमा छ ।
- हाल सम्म तीनवटा शहरी स्वास्थ्य केन्द्र स्थापनागरि संचालनमा रहेकोमा यस आ.ब.मा वडा नं.५को स्यानीलेकमा शहरी स्वास्थ्य केन्द्र स्थापना र संचालनको सबै कार्य पूरा भई उदघाटन गर्न बाँकी छ ।
- नौ वटै वडाका स्वास्थ्य संस्थाहरुबाट अनलाइन रिपोटिङका लागि बाँकी रहेका वडा नं.१,२,३ र ६ का स्वास्थ्य संसथाहरुमा आबश्यक कम्प्युटर,प्रिन्टर,तालिम आदिको ब्यबस्था गरिएको छ ।
- खोप कार्यक्रमलाई गुणस्तरिय बनाउन फ्रिज नभएका स्वास्थ्य संस्थाहररुमा फ्रिजको ब्यबस्था गरिएको छ।
- स्वास्थ्य चौकीहरुमा न्यूनतम सेवा मापदण्डका आधारमा आबश्यक पूर्बाधार तयार गर्न स्व मूल्याङ्कनको आधारमा कार्ययोजना बनाई सोही बमोजिमका औजार,उपकरण,फर्निचर,जनशक्ति आदिको ब्यबस्था गरिदै छ ।
- खोप किलिनिक र गाँउघर किलिनिकलाई ब्यबस्थित बनाउन खोप भवनको ब्यबस्था गर्न जग्गाको ब्यबस्थ ागर्ने र भवन भएका संस्थाहरुमा फर्निचरको ब्यबस्था गर्ने निति बमोजिम यस आ.ब.मा चार वटा खोप भवन भएका संस्थालाई फर्निचरको ब्यबस्था गरिएको छ ।
- यस नगरपालिकाले जिल्लामै पहिलो पटक स्वास्थ्य निति तथा रणनितिक योजना २०७६ छैटौ. नगरसभाबाट पारित गरि सोही बमोजिम स्वास्थ्यका कार्यक्रमहरु अगाडि बढाउने प्रयासहरु भइरहेको छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ**

प्रधानमन्त्री रोजगार कार्यक्रममा पूर्व रोजगार संयोजकले राजिनामा गरेको र नयाँ रोजगार संयोजकको पदपूर्ती गर्न ढिलाई भएको कारण स्वभाविक रुपले पहिलो चौमासीक र दोस्रो चौमासिकमा कुनै कार्यक्रहरु गर्न सकिएन । तेस्रो चौमासिकमा कोभिड-१९ को दोस्रो लहरको चपेटामा पनि आवस्यक सुरक्षाको मापदण्ड अपनाई कार्यक्रमहरु गर्न सफल भएका छौं ।

- आ.ब. २०७७/०७८ को लागि १०९३ जना बेरोजगार ब्यक्तिहरु सुचिकृत गरिएको
- बिभिन्न क्षेत्रमा १९ वटा आयोजनाहरु सफलतापूर्वक कार्यसम्पन्न गरिएको छ । जसमा सडक/घोरेटो बाटो तर्फ १६ किलोमिटर ८६० मिटर नयाँ ट्रयाक निर्माण गरिएको, बाटोको नाली १७ किलोमिटर ६४५ मिटर खनिएको र कुलो ११ किलोमिटर ३७० मिटर निर्माण तथा मर्मत गरिएको छ ।
- सुचिकृत बेरोजगार मध्य प्राथमिकरणको आधारमा १९४ जनालाई जम्मा १९ हजार २ सय ७६ दिनको रोजगार प्रदान गरिएको छ ।
- आ.व.२०७८/०७९ को लागि पुरुष ३१२ जना र महिला २३५ जना गरि जम्मा ५४७ जना बेरोजगार ब्यक्ति सुचिकृत गरिएको छ ।

**कृषि बिकास तर्फ**

- कोभिड प्रभावित भई गाउँ फर्केका किसानहरुलाई प्रदेश सरकार र यस स्वर्गद्वारी नगरपालिकाको साझेदारीमा ५० प्रतिशत मूल्य अनुदानमा कृषि उत्पादकत्व बृद्दी गर्न कृषि यन्त्र उपकरण वितरण गरिएको ।
- ५० प्रतिशत मूल्य अनुदानमा धानको विउ,गहुँको विउ, प्लास्टीक स्प्रे ट्याङ्की र प्लाष्टीक टनेल वितरण गरिएको ।
- स्वर्गद्वारी नगरपालिका वडा नं. ९ मा वाली उपचार शिविर कार्यक्रम संचालन गरिएको ।
- विभिन्न किसिमका खाद्यान्न, तरकारी, फलफूल बालिहरुमा लाग्ने फौजि किरा, खपटे किरा, लाहि किरा जस्ता अन्य किराहरु नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम संचालन गरिएको ।
- नगरमा रहेका कृषकको मागमा आधारीत कृषि कार्यक्रम संचालन गरिएको ।
- फलफूल दशक अन्तर्गत नगरपालिकामा ५० प्रतिशत अनुदानमा विरुवा रोपण अभियान कार्यक्रम सम्पन्न गरिएको ।
- एक स्थानिय तह एक उत्पादन कार्यक्रम स्वर्गद्वरी नगरपालिका वडा नं.२ मा सम्पन्न गरिएको ।

**भौतिक पुर्वाधार तर्फ**

कोभिड-१९ रोग संक्रमणका कारण गत आ.ब. मा राजश्व बाँडफाडको सबै रकम प्राप्त नभई गत वर्ष काम सम्पन्न भएका आयोजनाहरुको भुक्तनिको चाँप यस आ.ब. मा पर्न गयो । यसको बाफजुद पनि चालु आ.ब. मा भौतिक पुर्वाधारमा केहि काम गर्न सफल भएका छौ ।

- २५० मिटर सडक ढलान गरिएको छ।
- १८० मिटर ग्रावेल गरिएको छ ।
- १७ हजार ६ सय २२ मिटर सडकको नयाँ ट्याक खोलिएको छ ।
- ७८७ घर परिवारलाई एक घर एक धाराको निति अनुरुप खानेपानीको सुविधा प्रदान गरिएको ।
- ६ प्रजातिका विरुवाहरु बृक्षारोपण गरिएको ।
- १८ हेक्टर जमिनलाई सिचाईको ब्यवस्था गरिएको ।
- २० किलोवाट जलविद्युत तथा बैकल्पीक उर्जा प्रसारण लाइन विस्तार गरिएको छ ।
- ४ वटा पोखरि निर्माण गरिएको छ ।
- ७ वटा नयाँ विद्यालय भवन निर्माण गरिएको छ ।
- २ वटा यात्रु प्रतिक्षालय निर्माण गरिएको छ ।
- ४ वटा सामुदायिक भवन निर्माण गरिएको छ ।
- अन्य गौरवका आयोजनाहरु संचालनमै छन ।

यसका साथसाथै नगरपालिकाको वित्तिय प्रगती चालु तर्फ ७२.०५ प्रतिशत रहेको छ भने पुँजिगत तर्फ ७१.०६ प्रतिशत प्रगती भएको छ ।

**आदरणिय नगरसभा सदस्यज्युहरु,**

कोभिड - १९ रोग महामारीका कारण जनताले आफ्नो आवश्यकतालाई संबोधन गर्ने योजनाहरु आफ्नै सहभागितामा छनौट गर्न नसकिएकोमा क्षमा चाहान्छु। तथापी, कार्यपालिकाको छलफल, सरकारवाला विच अन्तरकृया एवं विभिन्न चरणहरु पार गरि तयार पारिएको आगामी वर्ष ०७८/०७९ को वार्षिक नगर विकास योजनाको प्रस्तावित नीती तथा कार्यक्रम विवरण सहित आज हामी अन्तिम चरणमा यहाँहरु सामु उपस्थित भएका छौ । अब म यस गरिमामय नगरसभा समक्ष आगामी वर्ष ०७८/०७९ को निति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु।

यस नगरपालिकाले राखेको **"समृद्ध नगर, सुखी नगरवासी** " भन्ने दीर्घकालीन सोच तथा दीर्घकालीन लक्ष्य र नीतिसँग सहभागितामुलक योजना तर्जुमा प्रक्रियाको माध्यमबाट छनौट भएका योजना तथा कार्यक्रमहरु बीच तादम्यता कायम गर्नु हाम्रा सामु चुनौतीको विषय बनेको छ ।

नगरपालिकाको मध्य भागमा भालुवाङ-रोल्पा सडक रहेको, सुन्दर माण्डवी नदी, पर्यटन, कृषि तथा उद्योगको पर्याप्त सम्भावना रहेको, स्वर्गद्वारी आश्रम, धार्मिक सांस्कृतिक पहिचान बोकेको, प्राकृतिक श्रोत र साधनको प्रचुरता भएको एवं स्थानीय कृषिउत्पादनको बजारीकरण गर्न सकिने आधार भएकोले विकासका लागी पर्याप्त सम्भावना भएको नगरको रुपमा रहेको छ । विगतका नीति, योजना तथा कार्यक्रमको कार्यान्वयनबाट आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासमा केही उपलब्धीहरु भएका छन् । त्यस्ता उपलब्धीहरुलाई दीगो र संस्थागत गरी दीर्घकालीन सोचका साथ योजना तथा कार्यक्रम बनाउन आवश्यक देखिन्छ । विकासको स्वामित्वबोध नहुनु, गैर योजनामा नयाँ ट्रयाक खोल्ने प्रवृत्ति, युवा श्रमशक्तिको विदेश पलायन, कृषिलाई व्यवसायिकरण नगरिनु, लघु, घरेलु तथा साना उद्योग ओझेलमा पर्नु, कृषी पेशालाई गौरवान्वीत पेशाको रुपमा स्वीकार नगरिनु, उत्पादन मूलक भूमिको खण्डिकरण, आवास तथा भूमिको बैज्ञानिक ढंगले उपयोग गर्न नसक्नु, प्राकृतिक श्रोत साधनको बैज्ञानिक उपयोग गर्न नसक्नु, शिक्षा र स्वास्थ्यमा पर्याप्त लगानी हुन नसक्नु, कोभिड-१९ महामारी तथा संक्रमण, नैतिकता र आत्मउत्तरदायित्व कमजोर हुनु जस्ता समस्या तथा चुनौतीहरु हाम्रो सामु विद्यमान छन् ।

विकास र सेवा प्रवाहलाई निश्पक्ष र पारदर्शी तवरबाट नागरिक सामु पुर्‍याई स्थानीय सुशासनको प्रत्याभूत गराउन नगरपालिकाको भूमिका महत्वपूर्ण हुन्छ । नयाँ परिप्रेक्षयमा नागरिकका चाहनाहरुलाई परिपूर्ति गर्दै समृद्ध स्वर्गद्धारी नगर निर्माणमा हामी सवैको जोड रहनेछ । हामी

सवैले चाहेको समृद्ध स्वर्गद्धारी नगर निर्माण गर्नका लागि नगरपालिकाले निम्नानुसारका दिर्घकालिन नीति र योजनाका साथ अगाडी बढ्ने लक्ष्य लिएको सम्मानित नगर सभा समक्ष राख्न चाहन्छु ।

यसै सन्दर्भमा हाम्रो नगरपालिकाले आगामी दिनमा अख्तियार गर्ने विभिन्न विषयगत क्षेत्रका क्षेत्रगत नीतिहरु यस प्रकार छन् ।

**आर्थिक बिकास क्षेत्र**

१.कृषिमा विविधिकरण एवं व्यबसायिकरणमा जोड दिइने छ ।

२.भौगोलीक सम्भाब्यता र निर्मित पुर्वाधारहरुलाई मध्यनजर गरी तुलनात्मक लाभप्रद बाली उत्पादनमा जोड दिइने छ।

३. बढ्दो खाद्यान्न आयतलाई मध्यनजर गरी सिंचीत एवं अन्य क्षेत्रमा बाली सघनतामा जोड दिइने छ।

४. नगरपालीका भित्र रहेका कृषिसँग सम्वद्व निकायहरुसँग समन्वयात्मक रुपमा कृषि कार्यक्रमहरु संचालन गरिने छ ।

५. स्थानीय श्रोतको उपयोग र बिस्तारमा जोड दिईनेछ ।

६. स्वर्गद्धारी नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन **नगर प्रमुख कृषि आत्मनिर्भर कार्यक्रम** संचालन गरीने छ ।

७. निर्यातयोग्य एवं उच्च मूल्यवाली कृषि उपजहरुको उत्पादन तथा बजार प्रबर्द्वन कार्यक्रममा जोड दिईने छ ।

८.कृषि बिकासको मुल प्रवाहमा महिला , दलित तथा विपन्न वर्गको पहुँच बढाईने छ ।

९. नगर भित्र एक वडा एक उत्पादन कार्यक्रम संचालनार्थ आवश्यक कार्यक्रम संचालन गरिने छ ।

१०.युवा जनशक्तिलाई ब्यबसायिक कृषि तथा पशुपालनमा आर्कषण गर्न युवालक्षित कार्यक्रम संचालन गरिने छ ।

११. नगर क्षेत्र भित्र रहेका सहकारीहरुको क्षमता बिकास गरी उद्देश्य अनुरुप संचालनमा जोड दिइने छ ।

१२. सहकारी, बैङ्क तथा वित्तिय क्षेत्र मार्फत लगानी हुने कृषि कर्जा लाई सरलरुपमा कृषक माझ पुऱ्याउन विशेष कार्यक्रम संचालन गरी कोभिड-१९ रोग संक्रमणका कारण विदेशबाट घर फर्किन बाध्य भएका यस नगरपालिकाका यूवा तथा नागरिकहरुलाई व्यवसायमा जोडिने छ ।

१३. कृषिउपज तथा पशुपंक्षीहरुमा प्राकृतिक प्रकोपबाट हुने क्षती न्युनिकरण गर्न तथा कृषकको लगानीलाई सुनिश्चित गर्न कृषि तथा पशुविमा कार्यक्रमहरु सम्बन्धित निकायहरु सँग समन्वय गरी संचालन गरिनुका साथै बिमामा लाग्ने प्रिमियम शुल्कमा नेपाल सरकारले ७५ प्रतिशत छुट गरी लागेको रकममा यस नगरपालिकाबाट ५० प्रतिशत  थप अनुदानको व्यवस्था गरिनेछ । उक्त रकम किसान राहत कार्यक्रमबाट उपलब्ध गराइने छ ।

१४. स्थानीय स्तरमा मौसम अनुसार आवश्यक पर्ने गुणस्तरयुक्त बीउ बिजन, बोटबिरुवा र श्रोत सामाग्रीहरुको दिगो आपुर्तिको व्यबस्थामा जोड दिइने छ । उन्नत जातका विउ र विरुवाहरु वितरण गरि कृषि उत्पादनलाई दोब्बर बनाउने रणनीति अख्तियार गरिने छ ।

१५. कृषि उत्पादन तथा उत्पादकत्वमा परिमाणत्मक एवं गुणात्मक बृद्वीका लागि आवश्यक पर्ने कृषि उत्पादन सामाग्री तथा सेवामा कृषकहरुको पहुँच बढाई सक्षम बनाउन पहल गरिने छ ।

१६. बढ्दो बेरोजगारीलाई लक्षित गर्दै बिबिध क्षेत्रमा स्वरोजगारका अवसरहरु सिर्जना गर्नका लागि स्वरोजगारमुलक तालीम संचालन गरीने छ ।

१७. पछाडी पारिएका महिला दिदी बहिनीहरुका लागि उद्यम ब्यबसाय तालीम प्रदान गरी उद्यम ब्यबसाय  मार्फत आर्थिक रुपमा सवल तथा सक्षम बनाईने छ । साथै सामाजीक, शैक्षिक तथा सांस्कृतिक सशक्तिकरण गर्दै नगरको आर्थिक तथा समग्र बिकासमा महिला दिदीबहिनीहरुको सहभागीता गराउन प्रोत्साहन गरीने छ ।

१८. कृषि उपजलाई व्यवस्थित गर्न निश्चित क्षेत्र तोकी कृषिजन्य थोक बजार, खुद्रा बजार, फलफूल व्यवसायलाई व्यवस्थित गर्न निरन्तरता दिनुका साथै ग्रामीण वडाहरुमा संकलन केन्द्र एवं बजार केन्द्र सञ्चालनका लागि प्रयास गरिने छ ।

१९. नगर क्षेत्रमा रहेका प्राकृतिक ऐतिहासीक क्षेत्रको पहिचान गरी पर्यटन पवर्द्वन गदै आर्थिक बिकासमा जोड दिईने छ । स्वर्गद्धारी आश्रम, सारीको **प्राकृतिक भूवनोट**, मालुङ्खोलामा रहेको **चिल्ड्रन पार्क**, सिम्लेको **सुकसुके शिलापार्क**, बर्जिबाङ्गको **शान्तिपार्क ,** जिमुरपाटाको **सूचना प्रबिधियुक्त पार्क, कालीका पार्क**लाई नगरकै प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

२०. समग्र नगरको पर्यटन बिकासका लागि बिषयगत मन्त्रालयहरु सँग समन्वय गरी कार्यक्रमहरु संचालन गरीने छ ।

२१. नगर क्षेत्रममा रहेको प्राकृतिक श्रोत साधनहरुको वातावरणीय प्रभाव परीक्षण (IEE )गरी नदी तथा नदीजन्य उत्पादनहरुको उत्खनन् तथा ब्यबस्थापन गरीने छ ।

२२. नगरपालिका भित्र रहेका ऐलानी, प्रति र सावर्जनीक जग्गाहरुमा मझौला तथा ठुला उद्योगहरुको स्थापनार्थ सो क्षेत्रको सम्भाबना तथा Feasibility Study को कार्यलाई अगाडी बढाउन संघिय सरकार सँग समन्वय गरि Feasibility Study अध्ययनको काम भईरहेको छ । अन्य कार्य प्रक्रियागत ढंगबाट अगाडि बढाईने छ ।

२३. बढ्दो जग्गा प्लटिङ्ग कार्यलाई निरुत्साहीत गर्दै खेतीयोग्य जग्गा बाझो राख्ने कार्यलाई रोक्न आवश्यक कानूनहरु निमार्ण गरीने छ ।

२४. नगरक्षेत्रभित्र सहकारी खेती प्रणालीलाई प्रोत्साहान गर्न बिशेष कार्यक्रमहरु संचालन गरीने छ ।

२५. नगरपालिका भित्रका पशु पंक्षि पालक कृषकहरुको पशु पंक्षि रोग निदान तथा उपचार सेवालाई सबल र विशिष्टकृत गर्न पशुसेवा शाखाको भेटनरी ल्यावलाई स्तर उन्नती गर्दै लगिनेछ  ।

२६. प्राकृतिक श्रोत साधन जैविक विविधताको संरक्षण सर्म्बद्धन एवं सदुपयोगका लागी दिगो तथा वाताबरण मैत्रि कृषि कार्यक्रमहरु संचालनमा जोड दिईने छ ।

२७. नगर क्षेत्रभित्र रहेका सम्पुर्ण उद्योगी ब्यापारीहरुलाई करको दायरामा ल्याई बजार प्रबर्धनात्मक कार्यक्रम संचालन गरीने छ ।

२८. उपभोक्ताहरुलाई आवश्यक पर्ने गुणस्तरीय उपभोगका सामाग्रीहरु सर्वशुलभ मुल्यमा उपलब्ध गराउन बजार अनुगमन तथा गुणस्तर नियन्त्रणका कार्यक्रमहरु लाई प्रभाबकारी रुपमा संचालन गरीने छ ।

२९. बढ्दो दुध तथा मासुजन्य उत्पादनहरुको मागलाई सहज आपुर्तिको वातावरण बनाउन नगर क्षेत्र भित्र पशुपालन तथा बंगुर, पाडा, बाखा तथा लियर्स कुखुरा, लोकल कुखुरा पालन ब्यबसायलाई प्रोत्साहान गरिने छ, साथै आधुनिक बधशालाको निर्माणको कार्य प्रदेश सरकारको समन्वयमा अघि बढाईने छ ।

३०. दुध तथा दुधजन्य पर्दाथको उत्पादन बढाउनका लागी कृत्रीम गर्भाधान लगायतका उन्नत नश्ल सुधारका कार्यक्रमहरु संचालन गरीनुका साथै निःशुल्क कृतिम गर्भाधान सेवा प्रदान गरिनेछ ।
३१.नगरपालीकालाई अण्डामा आत्मनिर्भर बनाउन लेयर्स कुखुरापालन व्यबसायलाई विशेष प्रोत्साहान गरिनेछ ।
३२. पशुपक्षीं लगायतका खाद्यबस्तुहरुको आयत प्रतिस्थापनका लागी बिशेष कार्यक्रम संचालन गरिनेछ ।
३३. नगरपालिका क्षेत्रभित्रका विभिन्न उपर्युक्त स्थानहरुमा स्मार्ट कृषि/ पशू कार्यक्रम सञ्चालन गरिएको छ । यसलाई निरन्तरता दिई थप व्यवस्थित गरिने छ ।
३४.नगरपालिका क्षेत्रभित्र कोभिड-१९ कृषि विशेष कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ ।
३५. नगरपालिका क्षेत्रभित्र लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ ।
३६. नगरपालिका क्षेत्र भित्र बहुक्षत्रिय पोषण कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ ।
३७. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिइ सुचिकृत बेरोजगारलाई रोजगार प्रदान गरिने छ । साथै युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत सुचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकरणको आधारमा ५० दिनको सिपमुलक तालिम उपलब्ध गराईने छ ।
३८.मुख्यमन्त्री ग्रामिण तथा रोजगार कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ ।
३९. आँखा जिवनको अमूल्य अङ्ग हो तर पनि हाल सम्म यस नगरमा सामान्य उपचार गर्ने स्थान समेत नहुँदा नगरबासीले भोग्नुपरेको समस्यालाई मध्यनजर गर्दै नेपाल नेत्र ज्योती संघ, गाइत्री आँखा अस्पताल र स्वर्गद्वारी नगरपालिकाको संयुक्त साझेदारीमा आँखा उपचार केन्द्र स्थापना गरिने छ ।
४०. सर्पको टोकाईबाट विगतका बर्षहरुमा नागरिकले ज्यान गुमाईरहेको र यसको उपचार गर्ने यस नगर लगाएत प्युठान, रोल्पा जिल्लाको कुनै क्षेत्रमा उपचार केन्द्र नभई हैरानी ब्यहोर्न परेको यस अवस्थामा नेपाली सेनाको प्राविधिक सहयोगमा यसै नगरपालिकाको ९ नम्बर वडामा सर्पदंस उपचार केन्द्र स्थापना गरि संचालन गरिने छ ।
४१. नगरपालिकाले बाँझो जमिन खालि नराखौं भन्ने नारा लिइरहेको अवस्थामा बन्यजन्तुले किसानहरुको खेतिमा क्षेती पुराई हैरानी भइरहेको कुरालाई ध्यानमा राखि क्षतिपूर्ति स्वरुप कृषक राहत कार्यक्रम मापदण्ड बनाई लागु गरिने छ ।
४२. कोभिडको कारणले गर्दा किसान र मजदुरहरु काममा फर्कन नपाउँदा आर्थिक संकटमा परेका नगरवासीहरु लगाएत २० युनिट भन्दा कमको बिद्युत खपत गर्ने सम्पूर्ण नगरवासीहरुलाई केहि राहत स्वरुप बिद्युतको महसुलमा निशुल्क गरिने छ । यसका लागि नेपाल बिद्युत प्राधिकरण र बि.पि.सी. संग समन्वय गरि भुक्तनीको व्यवस्था गरिने छ ।
४३. जनयुद्द तथा जनआन्दोलनका कारण सहिद तथा बेपत्ता भएका सहिद परिवार भनी शान्ती समितीबाट सिफारिस भएका नागरिकको घरपरिवारलाई मासिक रु.२०००/-(दुई हजार) भत्ता उपलब्ध गराइने छ ।
४४. राष्ट्रसेवक कर्मचारीहरु यस पालिका भन्दा बाहिर जिल्लाबाट आउने र घरपाएक सरुवा मिलाई जाने प्रकृतीको समस्या रहिरहेकोले यस नरपालिकामा स्थायी बसोवास भएका बिद्यार्थिहरुमा लोकसेवा पठन संकृती बिकास गर्नको लागि अनुदानमा लोकसेवा तयारी कक्षा संचालन गरिने छ ।
४५.यस पालिका अन्तर्गत प्रा.बि., आधारभूत र मा.बि. हरुमा अनुदान कोटालाई निरन्तरता दिइएको छ । साथै संघिय सरकारको निती अनुरुप बालबिकास तथा बिद्यालय कर्मचारीहरुलाई तलवमा बृद्दी गरिने छ ।
४६. वडा सिलिङ मार्फत वडाबाट विनियोजित हुने बजेटमा कम्तीमा कृषि बिकास कार्यक्रममा ४ प्रतिशत, पसु सेवा स्वास्थ्यमा ४ प्रतिशत र महिला तथा बालबालिकाको क्षेत्रमा ३.३३ प्रतिशत बजेट नघट्ने गरि वडा सिलिङको व्यवस्था गरिने छ ।
४७. यसै आ.व.मा थप ३ वटा वालविकास केन्द्रको स्थापना गरिने छ ।

**संस्कृति सम्पदा, ललितकला, पर्यटन**

- नगर क्षेत्रभित्रका पर्यटकीय एवं धार्मिक क्षेत्रलाई व्यापक प्रचार प्रसार गरी आन्तरीक तथा बाह्य पर्यटकलाई आकर्षण गरिनेछ ।
- स्वर्गद्धारी आश्रमलाई प्रमुख पर्यटकीय एवं धार्मीक क्षेत्र मानि त्यस आसपासका क्षेत्रहरुको समेत पहिचान गरि पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने छ ।
- पर्यटन व्यवसायलाई व्यवस्थित र व्यावसायिक वनाउन स्वर्गद्धारी केवलकार संचालनको लागि विभिन्न पर्यटन व्यवसायी एवं नीजि क्षेत्रको लगानी मैत्री वातावरण तयार गरिने छ ।
- ग्रामीण क्षेत्रलाई होमस्टे संचालन गर्न विशेष प्रोत्साहन गरिनेछ ।
- परम्परागत भाषा संस्कृति र भेषभुषा पर्वको संरक्षण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- पर्यटन पूर्वाधार विकासमा जोड दिई स्वर्गद्वारी नगरपालिकालाई महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।
- माण्डवी नदीमा ऱ्याप्टिङ्ग संचालनको लागि संघीय सरकार, प्रदेस सरकार तथा विभिन्न पर्यटन व्यवसायिहरुसँगको समन्वय कार्य अगाडी वढाइने छ ।
- धनबाङको होमस्टेलाई पर्यटकिय रुपमा प्रवर्द्धन गरिनेछ ।
- सारीको भु-वनोटलाई पर्यटकिय रुपमा प्रवर्द्धन गरिनेछ ।
- बर्जिवाङ्ग दहचौंरको शान्ति पार्कलाई पर्यटकिय रुपमा प्रवर्द्धन गरिनेछ । यस आ.ब.मा पनि थप पूर्वाधार निर्माणका लागि ठेक्का समेतको सूचना प्रकाशन गर्ने कार्य सम्पन्न भइ सकेको छ ।
- जिमुरपाटाको सूचना प्रविधीयूक्त पार्कलाई पर्यटकिय रुपमा प्रवर्द्धन गरिनेछ ।
- भिंगृको चिल्ड्रेन पार्कलाई बालमैन्त्री रुपमा प्रवर्द्धन गरिनेछ । पार्क पालिकामा हस्तान्तरन भै सकेको र सो पार्कमा कुरुवाको समेत पालिकाले व्यवस्था गरेकोमा अबको पाटो बालमैत्री सामाग्री खरिद तथा सो को पर्यटन पर्वद्धन गरिनेछ ।

## सामाजिक विकास क्षेत्र

### शिक्षा

- स्वर्गद्धारी नगरपालिकालाई क्रमिक रुपमा निशुल्क शिक्षा घोषणा गरिनेछ । साथै वालवालिकाको समग्र विकासका लागि विद्यालय मार्फत अतिरिक्त क्रियाकलापहरुमा विशेष जोड दिईने छ ।
- विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न प्रत्येक वडाबाट माध्यामिक तहका विद्यालयका प्र.अ. संग निश्चित मापदण्ड र सुचक बनाई कार्यसम्पादन सम्झौता गरिनेछ । कार्य सम्पादनमा राम्रो नतिजा ल्याउने विद्यालय तथा शिक्षकलाई पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगरस्तरीय पुस्तकालय स्थापना गरिनेछ । क्रमशः प्रत्येक वडामा १/१ वटा पुस्तकालय स्थापना गर्दै लगिनेछ ।
- प्राविधिक शिक्षालाई जोड दिदै कम्तिमा १ वडामा १ वटा प्राविधिक शिक्षा दिने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।
- विभिन्न विद्यालयहरुमा आइ.सि.टी.ल्याबको व्यवस्था गरिनेछ । यस आ.ब. मा संचालन गरिएका आइ.सि.टी.ल्याबलाई थप व्यवस्थित गरिदै लगिने छ ।
- जेहेन्दार र गरिब विद्यार्थीहरुलाई छात्रबृति प्रदान गरिनेछ । दुर्गमका जेहेन्दार विद्यार्थीलाई नमुना विद्यालयमा आवासिय अध्ययन गराउने व्यवस्था गरिने छ ।
- विद्यार्थी शिक्षक अनुपात मिलाउदै शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर तथा शैक्षिक पूर्वाधार विकासमा जोड दिइनेछ ।
- सबै विद्यालयमा शुद्ध पिउने पानीको उचित व्यवस्था मिलाइनेछ ।
- विद्यार्थीको सिकाई उपलब्धी परिक्षणका आवश्यक मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

### खेलकुद

- खेलकुदले स्वस्थ तथा अनुशासित जनशक्तिको उत्पादन गर्दछ । यहि भावनालाई मध्यनजर गर्दै वडा तथा नगर स्तरमा विभिन्न खेलकुद प्रतियोगिता मार्फत खेलकुद विकासमा जोड दिइनेछ ।
- नगर स्तरीय राष्ट्रपति खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- हरेक वर्ष नगरपालिकामा स्वर्गद्धारी नगर कप खेलकुद प्रतियोगिता सञ्चालन गरि यसलाई संस्थागत ढंगले विकास गरिनेछ ।
- क्रमशः वडास्तरीय खेलकुद मैदान (रंगशाला) निर्माण गरिनेछ । नगर स्तरिय खेलकुद मैदान ( रंगशाला ) को स्तरोउन्नती गरिने छ । विद्यालयमा खेलकुदका अतिरिक्त कृयाकलाप गर्न प्रोत्साहन गरिनेछ ।
- वडा नं. ४ बाझिपुरमा निर्माण भइरहेको खेलकुद मैदान र खेल भवनलाई स्तर उन्नती गरिनेछ ।

### स्वास्थ्य र सरसफाई तर्फ :

- आधारभूत स्वास्थ्य र सरसफाई नीति बनाई जनताको स्वास्थ्य/सरसफाई लाई उच्च प्राथमिकता दिइनेछ ।
- नगरका दुर्गम क्षेत्रमा निशुल्क घुम्ती स्वास्थ्य शिविर संचालन गरी स्वास्थ्य जाँच प्रति जनतालाई सजग गराइनेछ ।
- ८४ वर्ष कटेका बृद्ध बुवा आमाहरुलाई घरमै गई स्वास्थ्य उपचार गर्ने प्रबन्ध गरिने छ ।
- आगामी ३ वर्ष भित्र पूर्ण सरसफाई युक्त नगर घोषणा गर्ने गरी क्रमशः टोल वडा सरसफाई घोषणा गर्न तह अनुरुपका क्रियाकलाप संचालन गरिनेछ ।
- कोरोना/ कोभिड-१९ लगायतका अन्य महामारी रोगबाट जनतालाई जोगाउन पूर्व सावधानी र संरक्षणमा आवश्यक व्यवस्था गरिनेछ ।
- कोभिड १९ संक्रमित विरामिहरुलाई उपचारको लागि बहुउदेश्शीय सभाहल जिमुरपाटामा अक्सिजन सहितको ५ वेड र अक्सिजन बाहेकको २१ वेड गरी जम्मा २६ बेडको आइसोलेसन तथा कोरोना अस्थाइ अस्पताल स्थापना गरिएको छ । कोरोना रोगवाट वच्नका लागि स्वास्थ्य शिक्षा, स्वास्थ्य उपकरण, स्वास्थ्य सामाग्री तथा औंषधी उपचारको प्रवन्ध गरिनेछ ।
- कोरोना महामारीवाट जोगिनको लागि सम्पुर्ण नगर क्षेत्रभित्रका नगरबासीहरुलाई होम क्वारेन्टाईन र सेल्फ आईसोलेसनको व्यवस्था गरिनेछ ।
- योग तथा आयुर्वेद उपचार पद्धतीलाई जोड दिइनेछ । नगरभित्र रहेका जडिबुटीको पहिचान गरी त्यसको उचित उपयोग गर्न आवश्यक कदम चालिनेछ । आयूर्वेद औषधालयको विस्तार गर्दै लगिने छ ।
- कोरोना रोगवाट वच्नको लागि रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धी गर्न आयूर्वेद पद्धती र पोषीलो आहार साथै सुद्ध आहार विहारमा जोड दिइनेछ ।
- यस नगरमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई सेवा र सुविधामा वृद्धि गरि १५ सैयाको अत्याधुनीक र सुविधा सम्पन्न अस्पताल निर्माण कार्यमा रहेको छ ।

- हाल रहेका स्वास्थ्य चौकीवाट हुने सेवा प्रवाहलाइ छिटो छरितो र गुणस्तरिय वनाउने कार्य गरिनेछ । साथै स्वास्थ्य चौकीलाइ आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।
- एक वडा एक स्वास्थ्य चौकीको अवधारणा अनुसार सबै वडाहरुमा स्वास्थ्य चौकी तथा सहरी स्वास्थ्य केन्द्रहरु स्थापना गरिएको छ। यसलाई थप प्रभावकारी वनाउनको लागि आधारभूत स्वास्थ्य सेवा केन्द्र र शहरी स्वास्थ्य केन्द्रहरुमा आवस्यक पूर्वाधार तयार गरि प्रसुती केन्द्र स्थापना गरिने छ ।
- सरकारवाट उपलव्ध गराउदै आएका निशुल्क उपलव्ध गराउने औषधीहरु सवै स्वास्थ्य संस्थाहरु मार्फत अभाव हुन दिइने छैन ।
- सुर्तिजन्य तथा मदिराजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्न सचेतना अभिबृद्धि लगायतका कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्यमा प्रवर्धनात्मक, प्रतिकारात्मक सेवालाई ३ स को अभियानको रुपमा स्वास्थ्य आमा समुह मार्फत समुदाय स्तरमा पुराइने छ ।

**खानेपानी**

- नगरभित्रका सबै खानेपानीका मुहान संरक्षण गर्न विशेष अभियान संचालन गरिनेछ। खानेपानीको स्रोत बचाउन उपयुक्त स्थानमा रिचार्ज पोखरी निर्माण गरिनेछ। एक वडा एक रिचार्ज पोखरी अभियानलाइ निरन्तरता दिइने छ।
- नगरभित्रका प्रत्येक घरमा स्वच्छ सफा र शुद्ध खानेपानीको व्यवस्था मिलाइनेछ । साथै एक घर एक धाराको अभियानलाई निरन्तरता दिइने छ ।
- नगरभित्रका सबै खानेपानीको गुणस्तर परिक्षण गरी गुणस्तरीय खानेपानीमा जनतालाई आश्वस्थ गरिनेछ ।
- शहरका मुख्य स्थानमा स्वच्छ खानेपानी र सार्वजनिक शौचालयको व्यवस्था मिलाइनेछ। साथै धेरै मानिसको आवत जावत हुने ठांउहरुमा घुम्ती शौचालयको प्रबन्ध गरिने छ।
- खानेपानी तथा सरसफाई सम्वन्धी कार्य योजना वास पलान निर्माण गरिएको छ। सोहि अनुरुप कार्यान्वियन गरिनेछ।

**लैंगिक नीति**

- लैंगिक हिंसामुक्त नगर बनाउन आवश्यक प्रवर्धनात्मक, उपचारात्मक र निरोधात्मक उपायहरु अवलम्बन गरिनेछ।
- हिंसा पिडितहरुका लागि आपतकालीन उद्धारका लागि आपतकालिन उद्धार केन्द्र स्थापना गरि सञ्चालनमा ल्याईने छ।
- महिला माथि हुने सबै प्रकारका घरेलु तथा अन्य हिंसाको अन्त्य गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- महिलाको क्षेत्रमा गरिने लगानी बृद्धि गर्दै लगिनेछ। महिलालाई रोजगारिमा प्राथमिकता दिइनेछ।
- महिलाको क्षमता बृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ।

**बालबालीका/युवा/किशोरी**

- नगर तथा वडास्तरमा बालक्लब, बालसंजाल र बाल संरक्षण समितिलाइ थप सक्रिय बनाइने छ।
- अनाथ तथा असहाय वालवालिकाको लागि आपतकालिन बाल उद्धार कोषको स्थापना र व्यवस्थापन गरिनेछ।
- सबै प्रकारको बाल हिंसा तथा वाल श्रमको निवारण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- युवा वर्गलाई लक्षित गरी विभिन्न सिपमुलक तालिम संचालन गरी स्वरोजगारको व्यवस्था गरिनेछ।
- आगामी ३ वर्ष भित्र वालमैत्री नगर घोषणा गर्ने गरि कार्यकम अगाडि वढाइने छ।
- बालवालीकाको क्षमता विकासको लागि बाल उद्यानहरु निर्माण गरिनेछ।

**अपांगता भएका व्यक्ति**

- नगरभित्र बन्ने सबै सार्वजनिक निर्माणका संरचनाहरुलाई अपांगमैत्री बनाउन नीति लिइनेछ।
- अपांगको सीप र क्षमता विकास गर्न सीपमुलक तालिम संचालन गरिनेछ।
- अपांगहरुको परिचयपत्रको व्यवस्था गरिनेछ।
- अपांगहरुलाई रोजगार दिने खाले कार्यक्रमलाई निरन्तरता दिइने छ।

**जेष्ठ नागरिक**

- जेष्ठ नागरिक सञ्जाल गठन गरिनेछ।
- जेष्ठ नागरिक परिचय पत्रको व्यवस्था गरिनेछ।
- जेष्ठ नागरिकहरुको आत्मसम्मान बढाउने कार्यक्रमहरु सञ्चालन गरिने छ।
- जेष्ठ नागरिकको सीप युवा पुस्तालाई हस्तान्तरण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- जेष्ठ नागरिक भवन (दिवा सेवा केन्द्र) व्यवस्थित रुपमा सञ्चालनमा लिइने छ।

**सामाजिक सुरक्षा/व्यक्तिगत घटना दर्ता**

- आधुनिक प्रविधिमैत्री सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता अभिलेख व्यवस्थापनलाई अझ प्रभावकारी बनाउदै लगिनेछ।
- व्यक्तिगत घटना दर्ताको महत्व जनस्तरमा पुऱ्याउन आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- व्यक्तिगत घटना दर्तालाई विद्युतिय माध्यमवाट व्यवस्थापनलाई अझ व्यवस्थित गरिने छ।

**गैर सरकारी संस्था**

- नगरपालिका र गै.स.स.को समन्वय र साझेदारीमा सामाजिक परिचालन कार्यक्रम संचालन गरि सामाजिक परिचालन कार्यलाई अरु बढि मजबुद र विश्वासनिय बनाईने छ।
- विकासका गतिविधिहरुलाई थप प्रभावकारी बनाउन सामाजिक परिचालन कार्यमा गैर सरकारी क्षेत्रको क्षमतालाई प्रयोग गरिने छ।
- सम्पुर्ण गैर सरकारी संस्थाहरुको कार्यक्रमलाई नगरपालिकाको मातहतमा ल्याई एक द्धार (One Door Policy) प्रणाली अन्तर्गत सञ्चालन गरिने छ।

**पछाडी पारिएका बर्ग, दलित, आदिबासी जनजाती :**

- पिछडिएका वर्ग दलित आदिबासी जनजातीको हकहितको संरक्षण शसक्तिकरण गर्न नगरका सबै क्षेत्रमा पहुँच बृद्धि गर्दै लगिनेछ।
- आदिबासी जनजातीको भाषा, धर्म संस्कृतिको संरक्षण, प्रचार प्रसार गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- दलित तथा पिछडिएका वर्गको परम्परागत पेशालाई संरक्षण गर्दै आधुनिक तथा व्यवसायीक बनाई आत्मनिर्भर गराइनेछ।

**पूर्वाधार विकास क्षेत्र :**

१. नगर केन्द्र र वडा केन्द्र जोड्ने सडकहरु स्तरोन्नती गरिनेछ। आगामी ३ बर्ष भित्र सबै वार्ड कार्यालयहरु जोड्ने सडक स्तरन्नोती गर्न पहल गरिने छ।

२. धार्मिक तथा पर्यटकिय क्षेत्रसम्म जाने बाटोलाई पहिलो प्राथमिकता दिईनेछ।

३. नगरसँग जोडिएको अर्को स्थानीय तह जोड्ने सडक निर्माणलाई प्राथमिकता दिईनेछ।

४. प्रमुख सडकहरुको क्रमिक रुपमा लागत कट्टा गरिनेछ।

५. नगरस्तरीय खेलकुद मैदानको आधुनिकीकरण गरिनेछ।

६.नगरका गौरव आयोजनाहरु छनौट गरि निर्माणका लागि गुरुयोजना तयार गरी प्रदेश, केन्द्र सरकार तथा नीजि क्षेत्रसँग सहकार्य एवं समन्वय गरि संचालन गरिनेछ।

७. वडा नं. १ र ९ का वडा कार्यालय भवनहरु निर्माण भइसकेका छन। यस बर्ष थप १ वडा कार्यालय भवन निर्माण गरि गरिनेछ।

८. वडा नं. ३ र ६ मा स्वास्थ्य सेवा केन्द्र भवन निर्माण गरि संचालन गरिएको छ। यसलाई थप व्यवस्थित गरिदै लगिने छ।

९. नगर कार्यपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।

१०.योजना कार्यान्वयन कार्यतालिका बनाई लागु गरिनेछ, माघ मसान्तसम्म मात्र योजना सम्झौता गरि जेष्ठ मसान्तसम्म मात्र भुक्तानी दिने व्यवस्था कडाईका साथ लागु गरिनेछ।

१२.भवन निर्माण मापदण्डलाई समय अनुकूल परिवर्तन गरिनेछ, घना सहरी क्षेत्र र ग्रामीण क्षेत्रमा फरक फरक मापदण्ड बनाई लागु गरिनेछ।

१३.पूर्वाधार बिकासमा छलाङ मार्न उपभोक्ता समिति मार्फत कार्य हुने सम्पूर्ण भौतिक बिकासका आयोजनाहरु निर्माणमा पनि प्रतिस्पर्धा गराई कार्य अगाडि बढाउने व्यवस्था मिलाईने छ।

१४.नगर क्षेत्र पुर्वाधार साझेदारी कार्यक्रम सञ्चालन गरि नगरको विकासमा जनताको प्रत्येक्ष सहभागिताको सुनिश्चित गरिने छ।

१५. नगरको छुट्टै भु उपयोग नीति बनाई लागु गरिने छ।

१६. एकिकृत वस्ती विकासको नीति लिइने छ।

१७. नमुना (नयाँ) शहर कार्यक्रम अन्तरगत यस नगरका समथर भू-भागका सडकहरुको स्तरउन्नती गर्नको लागि उक्त कार्यक्रमसँग समन्वय एवं सहकार्य गरिनेछ।

१८. नगरपालिका भित्र औद्योगिक ग्रामको स्थापना गरिनेछ।

**नगरका गौरबका योजनाहरु :**

१) स्वर्गद्धारी आश्रम परिक्रमा मार्ग

२) सूचना प्रविधियुक्त पार्क जिमुरपाटा स्वर्गद्धारी न.पा.-४

३) खेलकुद मैदान स्वर्गद्धारी न.पा.-४

४) शान्तिपार्क दहचौर स्वर्गद्धारी न.पा.-८,वर्जिवाङ्ग

५) चाल्नेटार एअरपोर्ट स्वर्गद्वारी न.पा.-८,वर्जिवाङ्ग ।
६) स्वर्गद्वारी नगरपालिकाको प्रशासनिक भवन
७) भुल्के लिफ्ट खानेपानी स्व.न.पा.२
८) लुंग्री माडी सिंचाइ आयोजना ।
९) सुकसुके शिलापार्क स्वर्गद्वारी न.पा.-९,सिम्ले ।
१०) कालिका पार्क स्वर्गद्वारी न.पा.-२
११) भू-वनोट दृष्य स्वर्गद्वारी न.पा.-५,सारी

**वित्तिय व्यवस्थापन र राजश्व परिचालन**

- नगरपालिकालाई संविधानतः प्राप्त भएको राजश्व संकलनका समग्र क्षेत्रलाई समेटेर राजश्व सम्बन्धि बृहत अध्ययन अनुसन्धान प्रतिवेदन तयार गरी आयका क्षेत्रहरु पहिचान गरिनेछ ।
- नगरको राजश्व संकलनको यथार्थ स्थिती र राजश्व संकलनको सम्भाव्यता अध्ययन गरि सरल कर प्रणालीको विकास गरिनेछ ।
- व्यवसाय कर स्थलगत रुपमा संकलन गरि बक्यौता असुली प्रकृयालाई अगाडी वढाइनेछ । राजश्व परिचालनको क्षेत्रमा कर्मचारी खटाई विशेष प्रोत्साहन कार्यक्रम ल्याईनेछ ।
- राजश्व संकलन प्रकृयालाई वडातहमा संस्थागत गर्न यसै आर्थिक बर्ष भित्र नगरको राजश्व संकलनको यथार्थ स्थिती र राजश्व संकलनको सम्भाव्यता अध्ययन गरि सरल कर प्रणालीको विकास गरिनेछ ।
- राजश्व संकलन प्रकृयालाई वडातहमा संस्थागत गर्न यसै आर्थिक बर्ष भित्र सफ्टवयर मार्फत रकम लिने प्रणालीलाई सम्पूर्ण वडाहरुमा स्थापित गरिएको छ । छिटो, छरितो र चुस्त दुरुस्त रुपमा सेवा प्रवाह कार्यलाई निरन्तरता दिइनेछ ।

**संस्थागत सेवा प्रवाह र सुशासन**

- संविधानतः स्थानीय तहको सरकारको जिम्मेवारी सम्पादन गर्न आवश्यक संस्थागत संरचना, जनशक्ति व्यवस्थापन तथा समायोजन नयाँ प्रक्रिया अवस्थामा तदर्थ व्यवस्थापन अन्तर्गत आवश्यकताको आधारमा नगरकार्यपालिका, वडा कार्यालय लगायतका बिषयमा शाखाको तहगत जिम्मेवारी बाँडफाँडको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- सबै वडामा सुविधा सम्पन्न वडा कार्यालयहरुको व्यवस्थापन गर्ने सन्दर्भमा क्रमशः वडा कार्यालयहरुको नयाँ भवन निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- कर्मचारीहरुलाई आवश्यक तालिम, प्रशिक्षणको माध्यमबाट मानव संशाधन विकास एवं क्षमता अभिबृद्धि गरी नागरिक प्रति सेवामुखी एवं जवाफदेही बनाउँदै लगिनेछ ।
- कर्मचारीहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धी, उत्प्रेरित गर्नुको साथै अतिरिक्त कामको र पारिश्रमिकको व्यवस्था समेत गरिनेछ ।
- प्रदेश सरकारले स्थानीय तहका पदाधीकारी तथा सदस्यहरुले पाउने सेवा सुविधा सम्वन्धी प्रदेश राजपत्रमा प्रकाशित ऐन बमोजिम नगरपालिकाका जनप्रतिनिधिहरुलाई सेवा सुविधा उपलब्ध गराइने छ ।
- नगरवासीहरुको गुनासालाई वडा स्तरमा वडा सचिव र नगरस्तरमा गुनासो सुन्ने अधिकारी मार्फत व्यवस्थापन गरिनेछ ।
- स्थानीय तहका विवादहरु स्थानीय तहमा नै समाधानका लागि बैकल्पिक व्यवस्थापनको रुपमा संचालनमा आएको मेलमिलाप पद्धतिलाई नगरपालिकाको न्यायिक समितिबाट सम्पादन हुने काममा आवद्ध गरी थप प्रभावकारी बनाईनेछ ।
- परिमार्जित नागरिक वडा पत्र लागु गरि सेवाग्राहीहरुलाई उत्कृष्ट सेवा प्रदान गरि "**मुस्कान सहितको सेवा** "भन्ने अभियान सञ्चालन गरिनेछ ।
- प्रविधीमैत्री सेवा प्रवाहलाई अवलम्बन गरिनेछ ।
- सार्वजनिक महत्वको सूचना उपलब्ध गराउन नागरिक सूचनाको हकलाई पूर्ण रुपमा प्रचलनमा ल्याईने छ ।
- स्थानीय तह गठन भएको दिनलाई स्थानीय दिवसको रुपमा मनाईनेछ ।
- आम नगरबासीहरुको सूचनाको हकलाई उच्च प्राथमिकता दिँदै नगरपालिका क्षेत्रमा संचालन गरिने विकास र सुशासनका गतिविधीलाई नियमित रुपमा नगरवासी समक्ष पुऱ्याउन एवं समग्र नगर विकास प्रक्रियामा आवश्यक सल्लाह सुझाव र प्रतिक्रिया प्राप्त गर्न सबैको पहुँच पुगोस भन्ने अभिप्रायले स्थानीय एफ.एम. रेडीयो मार्फत स्वर्गद्वारी नगर आवाज रेडियो कार्यक्रम नियमीत प्रशारणको व्यवस्था मिलाईनेछ ।
- नगर कार्यपालिकाको क्रियाकलापलाई पारदर्शी, जवाफदेही, उत्तरदायि र मितव्ययी बनाउन नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, खर्च सार्वजनिकरण जस्ता विधि र प्रकृयालाई नियमित बनाईनेछ ।
- सबै कर्मचारीहरुको कार्यपालिकाबाट कार्यविवरण (TOR) बनाई लागु गरिनेछ ।
- हरेक बर्ष नगर कार्यपालिकाबाट करदाता, कर्मचारी, संचारकर्मी लगायतका क्षेत्र बिशेषमा योगदान गर्ने व्यक्तिहरुलाई पुरुस्कृत तथा सम्मान गरिनेछ ।

- आर्थिक बर्षको अन्तिम तीन महिनामा बार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजित बजेटको ५० प्रतिशत भन्दा बढि खर्च गर्ने प्रबृत्तिमा निरुत्साहित गरिनेछ ।
- नगरसभामा बार्षिक बजेट प्रस्तुतिसँगै बार्षिक खरिद योजना तयारीलाई अनिवार्य गरिनेछ ।
- विकास योजनाहरुको ठेक्कापट्टा तथा सम्झौता निर्धारित समय भित्रै गरिने साथै बिद्युतीय बोलपत्रलाई पूर्ण रुपमा प्रयोग गरिनेछ ।
- बेरुजु नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षण शाखा र कर्मचारीको व्यवस्था गरिनुको साथै लेखा उत्तरदायी अधिकारीलाई जिम्मेवार तुल्याइनेछ ।
- गत आर्थिक बर्षका बेरुजुहरु क्रमशः फर्छ्यौट गर्दै लगिने छ । नगरपालिकाबाट असुल गर्नुपर्ने बेरुजुको बजेटमा नै व्यवस्था गरिने तथा अन्य संस्था, निकाय, व्यक्तिबाट असुल गर्नुपर्ने बेरुजु कडाईका साथ असुल गर्ने र नयाँ बेरुजु हुने अवस्थालाई निरुत्साहित गरि शुन्य बेरुजुको अवधारणा लागु गरि आर्थिक अनुशासन कायम गरिनेछ ।
- भष्ट्राचार विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गर्दै भष्ट्राचार गरेको पाईएमा नियमानुसार कडा भन्दा कडा कारवाही गरिनेछ ।
- वडा स्तरीय आयोजनाको अनुगमन तथा मूल्यांकन वडा अनुगमन समितिले र नगरस्तरीय योजनाको अनुगमन तथा मूल्यांकन नगर स्तरिय अनुगमन समितिबाट गरिनेछ ।
- नगरपालिकाको गरिमामय अभियानहरु खुल्ला दिशामुक्त अभियान, पूर्ण साक्षर अभियान, पूर्ण खोपयुक्त/बालमैत्री अभियान, बातावरणमैत्री वडा घोषणा अभियान पूर्ण सरसफाइ अभियान, भान्सा भित्रको धुवाँ मुक्त अभियानलाई थप प्रभावकारी र पूर्ण रुपमा नियमन गर्न अनुगमन समिति गठन गराई नियमित अनुगमन गरिनेछ ।
- नगरकार्यपालिका अन्तरर्गतमा रहेका मर्मत सम्भारकोष, विपद व्यवस्थापन कोष, कर्मचारी कल्याणकारी कोषहरुको परिचालनका लागि आवश्यक कार्यविधी बनाईनेछ भने तयार भैसकेका ऐन, कानून, नियमावली तथा निर्देशिकाहरुलाई समयानुकुल संशोधन गरिने छ ।
- लोकप्रीय कार्यक्रम बनेको जनता संग मेयर कार्यक्रमको कार्यबिधि बनाई थप व्यवस्थि साथ सञ्चालन गरिने छ ।
- नगरक्षेत्र भित्र संचालन हुने तालिम कार्यक्रम, अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम, अनुगमन तथा मूल्यांकन कार्यक्रम, प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता, पदाधिकारी तथा कर्मचारीहरुको बैठक भत्ता लगायतका अन्य भत्ताहरुका लागि खर्च संचालन निर्देशिका तयार गरी एक रुपता कायम गरिनेछ
- नगरपालिकाका राष्ट्रसेवकहरुको कार्य प्रेरणाका लागि सुपरिवेक्षकबाट नियन्त्रित हुने गरी मासिक रुपमा प्रोत्साहन स्वरुप अतिरिक्त समय समर्पण भत्ता उपलब्ध गराईनेछ ।
- सुशासन स्थापनाको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि आदिको निर्माण गरी Chain of Comand निर्माण गरिनेछ ।

**सूचना तथा प्रविधि :**

- नगरपालिकाका सबै सूचनालाई वेबसाइट मार्फत प्रकाशन गरी सूचनामा नागरिकको पहुँच बढाइनेछ ।
- नगरपालिका क्षेत्रभित्रका रेडियो पत्रपत्रिकाको प्रवर्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिकाको विकास प्रबर्धनमा योगदान पुऱ्याउने संचार माध्यम र संचार कर्मीलाई पुरस्कृत गर्दै लगिनेछ ।
- नगरपालिकाका सबै अभिलेखलाई क्रमशः डिजीटलाईट गर्दै लगिनेछ ।
- प्रविधि मैत्री सेवा प्रवाहलाई अवलम्बन गर्दै लगिनेछ ।
- सेवा प्रबाहमा पारदर्शिता, कायम गर्न नागरिक सुनुवाई, सार्वजनिक सुनुवाई, र जनतासंग मेयर कार्यक्रम संचालन गरिनेछ ।
- स्वर्गद्धारी नगरपालिकाका विकास गतिविधि सेवा प्रवाह लगायतका बिषयहरु समेटि हरेक ३ महिनामा स्वर्गद्धारी मुखपत्र प्रकाशित गरिने छ ।
- सवै वडाहरुमा अप्टिकल फाईबर सहितको उच्च गतिको ईन्टरनेट पुऱ्याउन नीजि क्षेत्रसँग साझेदारी गरि योजना कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाका सवै शाखा तथा जनप्रतिनिधिहरुलाई एकै साथ सूचना प्रवाह हुने गरी "ई-सम्पर्क" को विकास गरिनेछ । सो को लागि जनप्रतिनिधि र कर्मचारी सवैलाई सूचना प्रविधिमैत्री गराईनेछ ।
- नगरपालिकाको वेवसाईट, मोवाईल एप्स, एस.एम.एस. प्रणाली, फेसबुक पेज, ट्वीटर पेजलाई प्रभावकारी रुपमा संचालन गरी तत्काल सुझाव लिन र दिन मिल्ने पद्धतिको विकास गरिनेछ ।
- नगरपालिकामा विद्युतिय सुशासनलाई आवश्यक पूर्वाधार, सूचना तथा प्रविधि कक्षलाई पूर्ण रुपमा आधुनिक बनाईनेछ ।
- सवै वडा कार्यालयमा विद्यूतिय हाजिरी (E-Attendance) तथा CCTV जडान तथा हेल्पडेस्क स्थापना गरि सेवाग्राहीमैत्री कार्यालयको रुपमा विकास गरिएको छ यसलाई थप व्यवस्थित गरिने छ ।
- यसै बर्षबाट नगरपालिकाको टोल फ्री नम्बर र अडियो नोटिस बोर्ड, डिजिटल सूचना पाटिको संचालन गरिनेछ ।
- यसै बर्षबाट आर्थिक प्रशासन शाखालाई अनलाईन गरिएकोमा यसलाई थप व्यवस्थित गरिनेछ ।

- यसै वर्षबाट योजना शाखालाई डिजिटल प्रणालीमा लग्नको लागि आवस्यक थालनी गरिने छ ।
- प्रत्येक सेवाग्राहीले कर तथा शुल्क तिरेको विवरण तत्कालै एस.एम.एस. बाट दिने प्रणाली लागु गरिनेछ ।
- सेवाग्राहिले आफ्नै मोवाइल तथा बिद्युतिय प्रणलिबाट कर तिर्ने प्रणाली (Online) को लागि आवश्यक थालनी गरिनेछ ।
- घर नक्शा पास गर्ने प्रणालीलाई डिजिटल प्रणालीमा लगिनेछ ।
- नगरपालिकाका सवै पुराना तथा महत्वपूर्ण कागजातहरुलाई Digitalized गरि व्यवस्थित गरिनेछ
- एक कर्मचारी एक ल्यापटपको व्यवस्थापन गरिनेछ ।
- सवै विद्यालय तथा स्वास्थ्य संस्थामा क्रमशः E-attendance को व्यवस्था गरिनेछ । नगरपालिका भित्र सवै विद्यालयमा एकै किसिमको Software मार्फत विद्यार्थी विवरण सहित प्रगति विवरण समेत अध्यावधिक गरिनेछ । साथै सवै विद्यालयहरुमा ई रिपोर्टिंगको व्यवस्था मिलाईनेछ ।
- नगरपालिका भित्रका सवै विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरि समय समयमा विषयगत विज्ञ शिक्षकहरुबाट अनलाईनको माध्यमबाट विशेष कक्षा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- यस नगरपालिकाका मुख्य मार्गहरुमा अन्तरर्गत मुख्य बजार क्षेत्रमा CCTV जडान गरिनेछ ।

**आदरणीय नगर सभा सदस्यज्यूहरु,**

सीमित श्रोत साधनले असिमित माग र बढ्दो आकांक्षा एकै पटक सम्बोधन गर्न नसकिने यथार्थतामा नगरपालिकालाई नेपाल सरकार, प्रदेस सरकार, दातृ निकाय, विभिन्न संघ संस्थाबाट प्राप्त हुने शसर्त तथा निशर्त अनुदान, विषेश अनुदान, लागत साझेदारी अनुदान, ऋण तथा आन्तरिक आय एवं लागत सहभागीताको दायरा समेत मूल्यांकन गरि बजेट तर्जुमा गरिएको गरिएको ब्यहोरा जानकारी गराउँदछु ।

**आदरणीय नगरसभा सदस्यज्युहरु,**

यस सम्मानित सभामा उपस्थित हुनु भएका नगर सभा सदस्य ज्यूहरुबाट प्रभावकारी कार्यान्वयनका लागि सल्लाह र सुझावको अपेक्षा गरेको छु । नगरपालिकाको श्रोत क्षमता भित्रका आयोजनाहरुलाई यस बर्षको नगरसभा, वडा सभा, विषयगत समितिमा व्यापक छलफल गरी सन्तुलित र दीगो बनाउने प्रयास गरिएको छ । नगरपालिकाको उपलब्ध श्रोत र साधनले धान्न नसकेका योजनाहरुलाई क्रमश प्रदेश र केन्द्र सरकार समक्ष अनुरोध गर्ने निर्णय गरिएको छ ।

कुनै एक क्षेत्रको विकासले मात्रै समग्र नगरको सन्तुलित विकास हुन नसक्ने वस्तुगत तथ्यलाई मनन गर्दै, योजना तथा कार्यक्रम तय गर्दा सवै क्षेत्रलाई समेटने प्रयास गरिएको छ । यसवाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएका छौं भने अर्को तर्फ सिमित श्रोत र साधनलाई परिचालन गर्नुपर्दा श्रोत छरिन गएको भन्ने आलोचनावाट मुक्त हुन पनि आगामी दिनमा थप श्रोत पहिचान र परिचालनलाई ध्यान पुर्‍याउनु जरुरी देखिएको छ । योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होइन, यसको लक्ष्य एवं उद्देश्यहरु प्राप्तीका लागि प्रभावकारी कार्यान्वियन, अनुगमन एवं मुल्यांकन जरुरी हुन्छ । यसका साथै आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरु समेत  आवश्यक पर्न जान्छन् । यसको लागि आवश्यकतानुसार सरकारी, गैर सरकारी, नागरिक समाज, संचारकर्मी, उपभोक्ता समेतको संयुक्त सहभागितामा, सम्पादित कामको गुणस्तरको सुनिश्चितता, पारदर्शीता एवं उत्तरदायीत्व वहनमा थप टेवा पुग्ने विश्वास लिएका छौं ।

बजेट नीति तथा योजना तर्जुमाका शिलशिलामा महत्वपूर्ण योगदान पुर्‍याउनु हुने नगरसभा सदस्यज्युहरु, कार्यपालिकाका सदस्यज्युहरु, विषयगत समितिका सदस्यज्युहरु, नगरस्तरीय राजनैतिक दलका प्रतिनिधिज्यूहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, साझेदार संस्थाहरु, गैरसरकारी संस्थाहरु, पत्रकारहरु, सामुदायिक तथा निजी क्षेत्र, सम्पूर्ण संघसंस्था लगायत योजना तर्जुमामा अहोरात्र खटिने नगरपालिकाका कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

हाम्रो आमन्त्रणलाई स्वीकार गरी आफ्नो कार्यव्यस्तताका वावजुद उपस्थित भई नगर सभाको गरिमा बढाई दिनु हुने सम्पुर्ण उपस्थित महानुभावहरुमा विशेष आभार प्रकट गर्दछु । आमा समुह, युवा समुह र उपभोक्ता समिति प्रति आफ्नो विकासमा आफै जुट्नको लागि उच्च भरोसा गरिएको छ । भर्खरै मात्र पाईला टेक्दै गरेको स्थानिय सरकारले सवै विषयको समाधान एकैपटक गर्न सक्दैन । श्रोत साधन र जनशक्तिको  सिमिततालाई ध्यान दिदै रचनात्मक सुझाव दिन, गलत कार्य उपर समयमै खवरदारी गर्न र राम्रा कार्यहरुलाई प्रशंसा गर्न नगरपालिकाको ढोका यहाँहरुलाई सदैव खुला रहने छ ।

नगरबासीहरुको चौतर्फी मागलाई मध्यनजर गर्दै नगरपालिकाबाट सम्वोधन हुन नसकेका योजनाहरुलाई प्रदेश स्तर र केन्द्रस्तर बाट सम्वोधन होस भन्ने हेतुले आवश्यक पहलका लागि प्रदेश सभा सदस्य र व्यवस्थापिका संसदका माननीय सदस्यज्यू मार्फत अनुरोध गरिनेछ । यहाँहरु सवैबाट नगरको विकासको हरेक अभियानहरुमा सहभागिता, सुझाव र सहयोग निरन्तर प्राप्त हुने विश्वास लिएको छु । अन्तमा यस नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा अमूल्य सुझाव र सहयोग उपलब्ध गराई सहयोग पुर्‍याउनु हुने सबै महानुभावहरु तथा निकायहरुमा आभार व्यक्त गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद**

नेत्रवहादुर रोका क्षेत्र
नगरप्रमुख
२०७८ असार ३० गते ।